## कविलासी नगरपालिकाको सातौं नगर सभाको पहिलो बैठकमा उप-प्रमुख श्री पूनम कर्णज्यूले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७९/०८०
# बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७९

कविलासी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कविलासी, सर्लाही मधेश-प्रदेश, नेपाल

www.kabilasimun.gov.np

# कविलासी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कविलासी, सर्लाही
## मधेश प्रदेश, नेपाल

# मेरो भन्नु



देशमा सङ्घीयता कार्यान्वयन भएपछि गठित स्थानीय सरकार क्रियाशीलताका पाँचौ वर्ष सफलतापूर्वक व्यतित भएका छन् । आ.व. २०७९/०८० सम्भवत हाम्रो कार्यकालको पहिलो वर्ष रहनेछ । कविलासी नगरपालिकाको पाँच बर्षमा छ वटा नगरसभा सम्पन्न गरिसकेको छ । भर्खरै सम्पन्न स्थानयि तहको चुनाववाट चुनिएर आएका सम्पूर्ण पदाधिकारीहरुवाट छानिएर आएका आयोजना, कार्यक्रमलाई समेटि वार्षिक नगर नीति कार्यक्रम तथा बजेट यहाँहरु समक्ष गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउँदा खुसीको अनुभुती भइरहेको छ ।

हामी नेपाली जनताको चाहना, आन्दोलनको उपलब्धी संस्थागत गर्ने सिलसिलामा नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न स्थानीय तहले आफु संग उपलब्ध श्रोत र साधनलाई प्रवर्धन गर्दै जन-सहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुण्स्तरिय सेवा प्रवाह गर्न लोकतन्त्रका लाभहरुको समानुपातिक सामावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारण अनुरुप समाजवाद उन्मुख संघिय लोकतान्त्रिक गणतन्त्रात्म शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक आचरणलाई संस्थागत गर्न लागि परिरहेका छौं ।

स्थानीय तहलाई संविधान प्रदत्त अधिकारीको उपयोग गरि सम्पूर्ण नगरवासी नागरिकहरुको जीवन सञ्चालनार्थ सर्वसुलभ सरल र सहज गुणस्तरीय वस्तुहरुको उपलब्धता र उपयोगका माध्यमबाट सहज जीवन यापन गराउन कविलासी नगरपालिका प्रतिवद्ध छ । नगरले अवलम्वन गरेका नीति, कार्यक्रमलाई कार्यान्वयन गर्न महत्वपूर्ण औजारको रुपमा लिईएको यो नगर विकास योजना पुस्तक निर्माणमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति आभार प्रकट गर्दछौं । नीति तथा कार्यक्रमको रुपले कार्यान्वयनमा समेत यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गरेका छौ ।

धन्यवाद !!!!

पुनम कर्ण
उप-प्रमुख

# आ.व.२०७९/०८० को
# नीति कार्यक्रम तथा बजेट

नगर सभाका अध्यक्ष महोदय,
सभा सदस्यज्यूहरु,

१. नेपालको संविधान जारी भएपछि दोस्रो पटक यस कविलासी नगरपालिकाको अध्यक्ष, उपाअध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य तथा कार्यपालिकाका सदस्यहरुको निर्वाचंन सम्पन्नं भएको छ । निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न यस स्थानीय तहको निर्वाचनले लोकतन्त्रलाई जगैदेखि बलियो बनाएको छ । यस सुखद अवसरमा कविलासी नगरपालिकाका जनताको प्रतिनिधी मुलक गरिमामय नगर सभा समक्ष अगामी आर्थिक वर्ष २०७९।०८० को बजेट नीति तथा कार्यकम प्रस्तुत गर्नका लागि सभाको बैठकलाई आज निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा मलाई गर्वको अनुभूति भएको छ साथै अपार खुसिको अनुभूति भइरहेको छ ।

२. यस अवसर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताले राष्ट्रको रक्षा र अग्रगमनका लागि पटक पटक गर्दै आएको जनआन्दोलन, मधेश जनबिद्रोह लगायत अन्य विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग, सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरुप्रति म भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

३. साथै संघर्षको गौरवपूर्ण सात दशक लामो इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालीको बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । आवधिक रुपमा लोकतान्त्रिक संस्थाहरुको निर्वाचन सम्पन्न भन्ने कार्य चुनौतिपूर्ण हुने गरेको छ । सबै खाले संशय र भ्रमका बावजुद यस कविलासी नगरपालिकाले निर्वाचन निर्विध्नतापूर्वक सम्पन्न गराउन सकेकोमा सरकारले सन्तुष्टि महसुस गरेको छ । सबै राजनितिक दल र शक्तिहरु यस निर्वाचन प्रक्रियामा उत्साहका साथ सहभागि भएको हुदा नेपालको संविधान र राजनीतिक प्रणालीमा हामी सबैको साँझा स्वामित्व स्थापित भएको छ ।

४. यस कविलासी नगरपालिकाको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियामा संलग्न राजनीतिक दल, संघ संस्था र आम नागरिक, पत्रकार बन्धु सवै प्रति आभार व्यक्त गर्दछु ।

५. जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा कविलासी नगरपालिकाको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ जनादेश सहित निर्धारित समयमा नै कार्यपालिकाको गठन भए सँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थपसबल आधार प्राप्त भएको छ ।

६. विश्वव्यापी महामारी कोरोना भाइरस (कोभिड-१९) को कहरबाट दुई वर्षदेखि अक्रान्त परिस्थितिबाट गुज्रीरहेको चुनौतिपूर्ण घडिमा कविलासी नगरबासीहरुको जीवन रक्षा सुनिश्चित गर्न फैलिएको कोभिड-१९ महामारीको रोकथाम नियन्त्रण र उपचारका लागि सबैले चालेका कदम समेतका परिणामस्वरुप यसको असर सामान्य हुँदै गएको छ । सबैको संयुक्त प्रयासवाट यस्ता महामारीका विरुद्ध लडन र त्यसबाट सिर्जित प्रतिकुल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास राखेको छु । सङ्क्रमण नियन्त्रण र व्यवस्थापनमा अहोरात खटिने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी सफाइ कर्मी, सुरक्षा कर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, सामाजिक तथा व्यावसायिक सङ्घ संस्था लगायत सम्पूर्ण नागरिकलाई यस सभाको तर्फवाट धन्यवाद दिन चाहन्छु ।

७. सबैको अथक प्रयत्नको बाबजुद यस भयावह महामारीमा अमूल्य जीवन गुमाउनु हुने सवैमा हार्दिक श्रद्धाञ्जलीका साथै निजहरुका आफन्त तथा परिवार जनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

८. नेपालले दिगो विकासका लागि गरेका प्रतिवद्धतालाई यस कविलासी नगरपालिकाले आफ्नो जनताका लागि भ्याएसम्म प्राथमिकता साथ अगाडि बढाउनका लागि शिक्षा, स्वास्थ्य, वातावरण, भौतिक निर्माण, कृषि, सामाजिक सेवा लगाएत जनताको जीवन स्तर उठाउने कार्यक्रम यस नीति तथा कार्यक्रममा समावेश गर्न जनताका सुझाव, वडा तथा टोल बैठकको निर्णय, विषयगत समितिको छलफल तथा कार्यपालिका निर्णय समेतका आधारमा समावेश गरी बजेटको सीमा निधारण तथा नीति कार्यक्रम तर्जुमा गरिएको छ । जसले भविष्यप्रति आधारयुक्त आशा र तिव्र विकासको बाटो खुला गर्ने छ ।

९. जनशक्तिको अभाव, नयाँ संरचना संगसंगै समयानुकुल नीति, नियम, ऐन, कानुन तर्जुमाको अभावमा समेत थोरै जनशक्ति दक्षताको परिणाम स्वरूप अपेक्षित रुपमा संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ बमोजिम यस कविलासी नगरपालिकाको स्वमुल्यांकन अंक ६४% रहेको अबगत गराउन चहन्छु ।

१०. नेपालले संवत २०८७ भित्रै दिगो विकासका लक्ष्य प्राप्त गर्ने एवं मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य लिएको छ । नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुनेछ । स्तरोन्नतिको प्रभाव व्यवस्थापन गर्न कविलासी नगरपालिकाले ठोस योजना कार्यन्वयनमा ल्याइनेछ । भने नीति कार्यकम तथा स्रोत बजेट समावेश गरिएको छ ।

११.स्थानीय तह र निजी क्षेत्रको संयुक्त प्रयासवाट आर्थिक स्थायित्व कायम गरी तीव्र आर्थिक वृद्धि हासिल गर्ने तर्फ कविलासी नगरपालिकाका नीति र कार्यक्रम लक्षित हुनेछन् । आन्तरिक तथा बाहय कारणवाट अर्थतन्त्रको संरचनामा आउन सकने जोखिम बहन गर्न सकने आर्थिक नीति तय गरिनेछ । अर्थतन्त्रको समग्र संरचना रुपान्तरण गर्न सक्ने कार्यक्रम तथा आयोजना कार्यन्वयन गरिनेछ । आन्तरिक स्रोतमा आधारित उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने साधनहरुको महत्तम परिचालन गरिनेछ ।

१२. उत्पादन र उत्पादकत्व वृद्धि, पूर्णधार निर्माण, खानेपानी तथा आय असमानता र बहुआयामिक गरिवीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन कविलासीको कार्यालय र कर्मचारी व्यवस्थापन सुदृढीकरण र सुशासन, जनतासँग मेयर र छोरीसँग उपमेयरको नाम योजनाका साथै स्काउटिङ्ग बच्चाको ड्रेस,उतकृष्ट नगर शिक्षक सम्मान, स्वच्छ सुन्दर र समुन्त नगर कविलासीको जनताको रहर, नगर अस्पताल संचालन,वाल्मिकी आश्रम,चमेली माई, घोडदैरी पोखरी ,गढीमाई मन्दिर,गरगठनाथ भोला बाबा मन्दिर,सर्लाहीया ब्रहम स्थान,आदी एतिहासिक पुरातात्वीक महत्व बोकेको पर्यटकीय स्थानको आधुनिकरण योजना,बाटो प्राथमिकिकरण, बालशिक्षा सुधार, विद्यालय तथा अस्पतालको रंगरोहन, प्रत्येक वडामा सार्वजनिक सौचालय निर्माण, ढन्ग्रा खोला निर्माणमा ड्याम निर्माण गरी सिचाई र माछापालन कार्यक्रम गर्ने नगर नमुना विद्यालय निर्माण, निशुल्क औषधि वितरण, योग केन्द्र निर्माण तथा योग प्रशिक्षकको व्यवस्था, वृक्षारोपन, कृषिलाई यान्त्रिककरण तथा कुलो र पैनि निर्माण, आँखा तथा स्वास्थ्य सिविर संचालनलाई प्राथमिकतामा राखिने छ ।

१३. यस नगरपालिकाको आर्थिक बृद्धि र स्थायित्व हासिल गर्न कृषि र पशुपालन यातायात, शिक्षा, स्वास्थ्य, पूर्वधार विकासमा कार्यक्रम मार्फत विशेष ध्यान पुऱ्याउने छ ।

१३. विगतमा महालेखाले दिएको विस्तृतिकरण प्रतिवेदनको पुनरावलोकन गरिनेछ । संविधानको अनुसुचिमा स्थानिय तहलाई उल्लिखित अधिकार सुचीका विषयहरुलाई कार्यन्वयन गर्न आवश्यक कानुनी व्यवस्था मिलाइनेछ । यस कविलासी नगरपालिकामा राष्ट्रिय महत्वका संघिय र प्रादेशीक आयोजनाहरुमा सहकार्य र समन्वयमा प्रयोग र लागु गरिने छ । सार्वजनिक-निजी साझदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा समेत कार्यन्वयानमा ल्याइनेछ ।

१५. सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखि बनाइनेछ । विकास निर्माणसँग सम्बन्धित ठेक्का प्रक्रियामा आउने विवादलाई शीघ्र निरुपण गर्न सार्वजनिक खरिद सम्बन्धी कानुनका आधारमा गराइनेछ । साथै कर तथा राजस्व संकलनका लागि प्रत्येक वडाबाट अनलाईन बिलिङ्ग प्रणाली लागु गराइनेछ ।

१६. प्राथमिकताका आधारमा विकास कार्यक्रम र आयोजनालाई बजेटसंग आवद्ध गरिने छ । पूर्व तयारी नभएका र राष्ट्रिय योजना आयोगवाट सिफारिस नभएका आयोजनामा बजेट विनियोजन गरिने छैन । तथा बजेटमा वित्तिय अनुशासन कायम गरिनेछ । विद्यमान कर प्रणालीमा स्वच्छ, पारदर्शी र लगानी एवं व्यवसायिक मैत्री बनाइने छ । राजस्व संकलनलाई प्रविधि मैत्री र सहज बनाइने छ । साथै संस्थागत क्षमता स्वमूल्यांकन कार्यमा उच्च अंक प्राप्त गर्ने सूचकसंग बजेटलाई आवद्ध गराइने छ ।

१७. सहकारी संघ संस्थाको अनुगमन प्रभावकारी बनाइनेछ । खाद्यवस्तु उत्पादन बढाउने र त्यसका लागि रासायनिक तथा प्राङ्गारिक मलको आपूर्ति सुनिश्चित गरिनेछ । गुणस्तरीय प्राङ्गारिक मलमा रासायनिक मल दिएकै अनुपातमा अनुदान उपलब्ध गराइनेछ ।

१८. कृषकको संरक्षण गर्ने नीति लिइनेछ । बेमौसमी वर्षको कारण कृषि वालीमा पुग्न गएको क्षतिको राहत शीघ्र उपलब्ध गराउन बजेट विनियोजन गरिनेछ । विषादी र क्वारेन्टाइन परीक्षणमा निजी क्षेत्रलाई समेत सहभागी गराइनेछ ।खाद्य तथा तरकारीवालीलाई समुह/ सहकारी मार्फत पकेट विस्तार गरी कृषि उत्पादन बढाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम सँचालन गरिनेछ । व्यवसायिक फलफुल खेति गर्न प्रोत्साहित गर्न मध्यम प्रविधियुक्त बहुउदेश्यीय फलफुल नर्सरी स्थापना कार्यक्रम सँचालन गरिनेछ ।आगामी

दुई वर्ष भित्र मासु तथा दुध उत्पादनमा आत्मनिर्भर हुने गरी गाई भैसी माछापालन तथा पशुपँछि पालनलाई लाई विशेष जोड दिइनेछ । नदी तटबनधलाई तथा जोखिम रोकथामका लागि आवश्यक बजेट विनियोजन गराइने छ ।

१९. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०७९/०८० बजेट वक्तव्य मार्फत घोषित आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र स्थानिय सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वित्तीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरुमा क्रमिक सुधार तथा रुपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु ।

२१. अगामी आर्थिक वर्षको बजेट तर्जमा गर्दा नेपालको संविधानमा उल्लेखित नागरिकका मौलिक हक राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौ आवधिक योजना, विभिन्न मन्त्रालयहरुले प्रस्ताव गरेका नीतिगत प्राथमिकताहरु र तिनीहरुले निर्धारण गरेका मापदण्डहरु, विकास सहायता एजेन्सीहरुले गरेको सम्झौताका साथै नगरपालिकाले आवश्वयक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै नगरवासीको सुशासन, उन्नति र समृद्धिको आकांक्षा पूरा गर्न हर सम्भव प्रयासरत रहेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु । विभिन्न किसिमको समस्या एवं जटिलताको सामाना गर्दै प्रशासनिक सुशासन कायम गर्न नगरपालिकाले विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, कार्ययोजना, विधि तयार गरेको छ । साँगठनिक सुशासनको लागि कार्यालय र अन्तर्गतका विषयगत शाखाहरुको उचित व्यवस्थापन गरिएको छ ।

२२. क्षेत्रफल ४८.१ वर्ग किलोमिटरमा अवस्थित ४४६८८ जनसंख्या भएको कविलासी नगरपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र, स्वास्थय, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा देखिएको समस्या तथा गरिवीले गर्दा विभिन्न क्षेत्रमा पारेको असर बाट झन पछि परेकोले यी क्षेत्रमा आवश्वयक सुधार गर्न सवै पक्षसँग आवश्यक समन्वय र सहकार्य गरीनेछ ।

२३. नगर कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी आवश्यक निर्णय लिईनेछ ।

सभा अध्यक्ष महोदय,

२४. अब म आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट बारे प्रकाश पार्न चाहन्छु । यो बजेटका उदेश्यहरु यस प्रकार रहेका छन् ।

- आम नागरिकलाई सबै प्रकारका महामारी र विपद्बाट नागरिक जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासको प्रत्याभुति दिने ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्ने ।
- कृषि उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गर्ने ।
- उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी समग्र क्षेत्रको विकासको गतिलाई निरन्तरता दिने ।
- दिगो विकासको अवधारण सहित पूर्वाधार विकासमा जोड दिने ।
- दक्ष, सवल, सक्षम र प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।
- संविधान कार्यान्वयनमा सहयोग गर्ने ।
- सामाजिक एवम् आर्थिक रुपमा पछि परेका गरिब, विपन्न, दलित, महिला, अल्पसंख्यकको सामावेशी विकासमा योगदान गर्ने ।
- समुन्नत नगर विकास तर्फ उन्मुख गर्ने ।
- नगरपालिकाबाट प्रदान गरिने एवम् प्रवाह हुने सेवामा आम नागरिकको पहुँचलाई सरल एवम् सहज बनाउने ।
- आम नागरिकलाई सुशासनको प्रत्याभुति दिने ।
- सामाजिक, आर्थिकर र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील, समुन्नत, स्वाधीन एवं समृद्ध नगर निर्माण गर्दै जाने ।

२५. बजेटको उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण गरेको छ ।

- सबै प्रकारका स्वास्थ्य जाखिमबाट नगरबासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलम हुने गरी उपलब्ध गराउने ।
- स्वास्थ्य सेवाको दायरा विस्तार, स्वस्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार सुधार एवम् शैक्षिक गुणस्तर कायम गर्न अनुगमन,मूल्यांकन तथा पूर्वाधार विकासमा जहा विधार्थी त्यहाँ शिक्षक जस्ता कार्यक्रम योजना बनाइने ।
- आवास विहिन तथा आर्थिक रुपले विपन्न, गरिब तथा सामाजिक बहिष्करणमा परेका नागरिकहरुका लागी उपयुक्त, सुरक्षित र व्यस्थित आवासको व्यवस्था ।
- समाजको समग्र विकासको लागी सामाजिक विकास, आर्थिक विकास, वन तथा वातावरण र विपद् व्यवस्थापनको प्रबन्ध ।
- भौतिक पूर्वाधार विकास तथा संस्थागत विकासलाई निरन्तरता ।
- नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध ।
- उद्यमशिलताको विकास मार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरण ।
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता ।
- दिगो विकासको अवधारणा सहित वातावरण संरक्षण, फोहोरमैला र विपद् व्यवस्थापन ।
- सडक सञ्जालको स्तरोन्नती एवम् बृद्धि ।
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड ।
- पर्यटन प्रर्वद्धनका आयोजनाहरुको पहिचान र कार्यान्वयन ।

- कविलासी नगरपालिकाको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिकरुपमा महत्वपूर्ण धरोहरहरुको संरक्षक र प्रबर्द्धनन ।

- संघ र प्रदेश सरकारबाट यस पालिकाको लागि स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनको लागि सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता ।

## सभा अध्यक्ष महोदय,

२६. अब म आर्थिक वर्ष २०७७/०७८ को यर्थात आय र व्यय सम्बन्धमा संक्षिप्त रुपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक वर्षमा अनुमानित विनियोजित बजेट रु ६२ करोड ०८ लाख ७३ हजार ६ सय ४५ रुपैयाँ २८ पैसा गरिएकोमा आन्तरिक आय, ३२ लाख ५४ हजार ५ सय १७ रुपैया ९६ पैसा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, सामाजिक सुरुक्षा रकम समेत कुल संघको आय ३४ करोड ९७ लाख ३२ हजार ५ सय ४० रुपैया त्यस्तै प्रदेश सरकारको अनुदान २ करोड ३ लाख ३७ हजार रुपैया मात्र राजस्व बाँडफाँड ८ करोड ३६ लाख ४७ लाख ५ सय ८७ रुपैया ३६ पैसा र अन्य आय १३ करोड ४२ लाख ६९ हजार ९ सय ४२ रुपैया १ पैसा मात्र भएकोमा उक्त आम्दनी मध्ये ५० करोड १२ लाख ९२ हजार २ सय १० रुपैया १९ पैसा व्यय भएको विषय लेखाको प्रतिवेदनबाट देखिन्छ तर महालेखाको प्रारमभिक प्रतिवेदनबाटे ७.९९ प्रतिशत खर्च आम्दनी भन्दा बढी भएको हुनाले नगरपालिकाले दरबन्दी भन्दाबढी कर्मचारीको तलबभत्ता तथा अन्य शिर्षकमा खर्च भएकाले सो कार्यमा ध्यान पुर्याउने पर्ने अवस्था चित्रर्ण भएको देखिन्छ साथै गत आर्थिक वर्ष २०७७/०७८ मा स्वीकृत योजनाहरु नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु व्यवस्थापन, अत्यावश्यक कानून निर्माण सडकहरुको स्तरोन्नति एवं सडक संजाल विस्तार, नाला निर्माण, धार्मिक, साँस्कृतिक, धरोहरको संरक्षण, सौर्य सडक वत्ती जडान कृषि सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थय, सामाजिक विकास, भौतिक पुर्वाधार जस्ता विविध क्षेत्रका आयोजना तथा, कार्यक्रम, सामाजिक सुरक्षाभत्ताको वितरण जस्ता शिर्षकमा खर्च भएको र त्यसलाई अझै अगामी चालु आर्थिक योजनाहरुमा प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२७. यसै क्रममा चालु आर्थिक वर्ष २०७८/०७९ को संशोधित अनुमानित आय र व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षको लक्षी ५७ करोड ७७ लाख ४६

हजार २९ रुपैया २९ पैसा आय मध्ये संघ र प्रदेशबाट वित्तीय समानिकरण, सशर्त अनुदान र पूँजीगत, समपुरक अनुदान, विशेष अनुदान र अन्य विविध शिर्षकबाट प्राप्त भएको छ। जस मध्ये २६ करोड १ लाख ६५ हजार १ सय १ रुपैया ३४ पैसा व्यय भएको देखिन्छ। उक्त आय प्राप्तको स्रोत मध्ये व्ययको अनुमान गरिएकोमा चालु आर्थिक वर्षको अषाढ मसान्त सम्ममा सोही रकम बराबर आय र व्यय हुने अनुमान गरेको छ।

२८. मिति २०७९ असार ९ गते कविलासी नगरपालिकाको साँतौ नगरसभाबाट आ.व. २०७८/०७९ को लागी विनियोजन भएको अनुमानित कुल बजेट रु ७३ करोड ६६ लाख २५ हजार ८ सय १७ रुपैया मध्ये नेपाल सरकारको संघीय वजेटमा समानिकरण अनुदान, सर्शत अनुदान(चालु), सम्पूरक अनुदान, सर्शत अनुदान ,( पुजिगत), विशेष अनुदान पुजिगत गरी जम्मा ३७ करोड २९ लाख प्राप्त भएको छ। त्यसतै संघीय राजस्व बाँडफाँडबाट अनुमानित रकम रु १०करोड २२ लाख ३६ हजार प्राप्त भएको छ । प्रदेशिक बजेटमा समानिकरण अनुदान, सर्शत अनुदान( चालु), सम्पूरक अनुदान, सर्शत अनुदान (पुजिगत), विशेष अनुदान, राजस्व बाँडफाँडमा जम्मा रु२ करोड ७९ लाख ६० हजार ८सय १७ रुपैया अनुमानित गरिएको छ । यसैगरी सडक बोर्ड नेपालबाट रु ३० लाख, बहुक्षेत्रिय पोषण कार्यक्रमबाट रु २७.लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट रु २० लाख, जेष्टनागरिक दीर्घसेवा सम्मान तथा सा. सु कार्यक्रमबाट रु १६ करोड, प्रशासनिक भवन पूर्वाधार निर्माण (संघीय) बाट रु ५ करोड, आन्तरिक राजस्वबाट रु ५८ लाख २९ हजार र गत आ.व. २०७८।०७९को मौजुदा रकम रु १ करोड रहेको छ।

२९. अब म माथिका क्षेत्रगत निति तथा कार्यक्रमहरु कार्यान्वयनको लागी बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु।

चालु आर्थिक वर्षको मुख्य मुख्य क्रियाकलापहरुमा सडक, नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, सिँचाई कार्यक्रम, कार्यालयको पूर्वाधार, मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, आयुर्वेद तथा योगा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रवर्द्धन, रिङ्ग रोड बिकास (सलेमपुर ,मदनपुर, पिपरिया, गैर बजार र कविलासी ), ओभरहेड खानेपानी टङकी, कालोपत्रे, कार्यक्रमहरुमा तपशिलको अनुमानित बजेट विनियोजन गर्ने प्राथमिकता निर्धारण गरिएको छ।

तपसिल:

| क्रं स. | योजना तथा कार्यक्रम | अनुमाति बजेट(रु हजारमा) |
|---|---|---|
| १. | भौतिक संरचना (नगर कार्यालय निमार्ण ) | ९९००।- |
| २. | शिक्षा | १५०००।- |
| ३. | कृषि | २५००।- |
| ४. | पशु सेवा | १५००।- |
| ५. | स्वास्थ्य सेवा | १००००।- |
| ६. | आयुर्वेद सेवा | ३५००।- |
| ७. | महिला,बालवालिका तथा जेष्ठनागरिक | १५००।- |
| ८. | लघु उद्यम विकास | ५००।- |
| ९. | संस्थागत विकास सेवा प्रवाह सुशासन | ५५००।- |
| १०. | सांस्कृतिक पर्यटन | ५०००।- |
| ११. | विपद् व्यवस्थापन | २०००।- |
| १२ | DPR (ढङ्गरा खोला, लखनदेही नदी, झिम नदी) | २०००।- |
| १३ | नगर स्तरिय बिशेष योजना तथा कार्यक्रम | ४००००।- |
| १४ | वडा स्तरिय विशेष योजना तथा कार्यक्रम | ५००००।- |
| जम्मा | | १४८९००।- |

माथिको अनुमानित वर्गीकरण भन्दा बढि हुने विकास बजेट मैचिङ्ग फन्डमा राखिनेछ । उक्त रकम नगर विकास योजनामा समावेश गरि विकास गरिने नीति लिएको छ । साथै सशर्त र अन्य शिर्षकको वजेट तोकिएको नीति निर्देशन कार्यविधि परिपत्रका अधारमा खर्च गरिने नीति लिएको छ । तोकिएको अनुमानित बजेट भन्दा बढि बजेट कुनै शिर्षकमा प्राप्त भएमा विशेष नगर सभाबाट विनियोजन गरी नगर आवश्यकता अनुसार खर्च गरिने नीति लिइनेछ ।

३०.बजेट प्रस्तुत भएका कार्यक्रमहरुको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको पहिलो दिनदेखी नै कार्यन्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

३१.अगामी वर्षको बजेट तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी गतिशिल वनाउन आवश्यक देखिन्छ । यस सन्दर्भमा योजना गरिएका कार्यहरु सञ्चालन गतिशिलता (लचकता) ल्याउन कार्यक्रम तथा बजेट तर्जुमा विधि अपनाउदै त्यस अनुसार बजेट विनियोजन गरिनेछ ।

३२.कविलासी नगरपालिकाको आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ स्वीकृतिको लागि यसै साथ पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

**३३. कविलासी नगरपालिका सामू मूख्यरुपमा निम्न चुनौतिहरु देखिएका छन् ।**

- साक्षर नगरपालिका घोषण गर्ने कार्य चुनौतिको रुपमा रहेको छ ।
- कोरोनाबाट आक्रान्त नगरवासीहरुको जीवनरक्षा सहित सुशासन, विकास र समृद्धि हासिल गर्ने तीब्र आकांक्षा र उपलब्ध सीमित स्रोत तथा साधनको समुचित परिचालन गरी अपेक्षित नतीजा हासिल गर्ने ।
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभुति हुने गरी समाजलाई आर्थिक, सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रुपमा रहेको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रभावको लागी नगरकार्यपालिका आफ्नो कार्यालय भवन नभएको र आफ्नो भवन भएका वडा कार्यालयको भवन जिर्ण अवस्थामा रहेको यसै गरी अपर्याप्त र दक्षजनशक्तिको कमी रहेकोले उपलब्ध स्रोत साधनको कुशल परीचालन गर्ने विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।
- नगरपालिकाप्रतिको जनविश्वासलाई मजबुत बनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हामी माथि छ ।

**सभा अध्यक्षज्यू,**

३४. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यहरु, प्रदेश सभाका माननीय सदस्यहरुज्यू प्रति आभार प्रकट गर्दछु ।साथै अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका प्रमुखज्यू वडा अध्यक्षज्यूहरु कार्यपालिकाका सदस्यहरुज्यू, वडा सदस्यहरुज्यू विभिन्न समितिका पदाधिकारीहरुज्यू प्रति हार्दिक अभार प्रकट गर्दछु । बजेट तर्जुमा क्रममा अहोरात्र खट्नुहुने सम्पुर्ण राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु सम्पूर्ण राजनितिक दलका पदाधिकारीहरुज्यू ,निजिक्षेत्र तथा विकास

साझेदारी संस्थाका महानुभावहरु, बुद्धिजिवीहरुज्यू, बिषय विज्ञ, सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरनीय नगरवासीहरुज्यू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३५. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !!!

मितिः २०७९ असार ०९ गते बिहिबार ।